मिति: २०६८/०८/०१

<u>प्रेस विज्ञप्ति</u>

# ग्लोबलको ३१ औं शाखा डिल्लीबजारमा

काठमाडौं

ग्लोबल बैंक लिमिटेडले आज मिति २०६८ मंसिर १ गते बिहिबार देखि काठमाडौंको डिल्लीबजारमा ३१ औं शाखा संचालनमा ल्याएको छ । बैंकका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालज्यूले डिल्लीबजार शाखाको उद्घाटन गर्नुभयो । डिल्लीबजार शाखामा आजैबाट ATM समेत सञ्चालनमा ल्याइएको छ । उक्त ATM को उद्घाटन बैंकका संचालक श्री सन्दिप अग्रवालज्यूले गर्नु भयो ।

बैंकले ग्राहकको सुबिधाका लागि शाखाबाट सन्ध्याकालीन बैंकिङ, ३६५ दिने बैंकिङ, **ABBS** सेवा जस्ता सेवा प्रदान गरिरहेको छ । छरिएर रहेको पुँजी संकलन गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न बैंकले आकर्षक व्याजदरसहितका विभिन्न बचत खाता सञ्चालन गरेको छ भने लगानीकर्तालाई प्रतिस्पर्धी व्याजदरमा कर्जा प्रवाह गरिरहेको छ ।

यस शाखा सहित बैंकको काठमाडौं भित्र १४ शाखा र बाहिर १७ शाखा गरी कूल ३१ वटा शाखाहरू रहेका छन् । त्यस्तै बैंकले ३८ ATM मार्फत् आफ्नो सेवा बिस्तार गरेको छ ।

